# चुलाचुली गाउँकार्यपालिकाको कार्यालय
# चुलाचुली-२,इलाम
## करार सेवाका लागि दरखास्त आह्वान गरिएको सूचना॥
## सूचना प्रकाशित मिति २०७५/०४/१३

चुलाचुली गाउँपालिका स्वास्थ्य सेवा तर्फका  लागि देहायको पदका लागि कर्मचारी करारमा राख्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ । यसको फारम,कार्य विवरण, सेवाका शर्तहरु सहितको बिस्तृत विवरण कार्यालय वा कार्यालयको वेवसाइट www.chulachulimun.gov.np बाट उपलब्ध हुनेछ।

**स्वास्थ्य चौकी साकफारा, चुलाचुली-६**

| विज्ञापन नं | पद नाम | माग पदसंख्या | समाबेशी समूह |
|---|---|---|---|
| ०१/०७५/७६ | कार्यालय सहयोगी | १(एक) | - |

**सामुदायिक स्वास्थ्य इकाई चुलाचुली-६,फुङ्नाम**

| विज्ञापन नं | पद नाम | माग पदसंख्या | समाबेशी समूह |
|---|---|---|---|
| ०२/०७५/७६ | अ.हे.ब | १(एक) | - |
| ०३/०७५/७६ | अ.न.मि | १(एक) | - |

**सामुदायिक स्वास्थ्य इकाई(चुलाचुलीका स्वास्थ्य संस्थाहरुमा २४ घण्टे प्रसुती सेवा संचालन गर्न)**

| विज्ञापन नं | पद नाम | माग पदसंख्या | समाबेशी समूह |
|---|---|---|---|
| ०४/०७५/७६ | अ.न.मि | १(एक) | - |

**गाउँ घर क्लिनिक चुलाचुली-५,का लागि**

| विज्ञापन नं | पद नाम | माग पदसंख्या | समाबेशी समूह |
|---|---|---|---|
| ०५/०७५/७६ | स्वंसेवक(अ.हे.ब/अ.न.मि.) | १(एक) | महिला |

**<u>शैक्षिक योग्यता र अनुभब</u>**

१.नेपाली नागरिक।

२. न्यूनतम योग्यता:

- **कार्यालय सहयोगी** को हकमा नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा आठौ कक्षा उतिर्ण गरेको।

- **अ.हे.व. कर्मचारी** को हकमा नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा CMA उतिर्ण गरेको। नेपाल स्वास्थ्य ब्यबसायी परिषद् बाट स्थायी/अस्थायी प्रमाणपत्र प्राप्त।
- **अ.न.मि. कर्मचारी** को हकमा नेपाल सरकार बाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तिमा ANM उतिर्ण गरेको। नेपाल नर्सिङ परिषद् बाट स्थायी/अस्थायी प्रमाणपत्र प्राप्त।
- **सामुदायिक स्वास्थ्य इकाई(२४ घण्टे प्रसुती सेवा संचालन गर्ने)** को हकमा SBA तालिम प्राप्त हुनु पर्नेछ।

३. सेवाको किसिम : करार

४. पारिश्रमिक:

- गाउँपालिकासंग को आपसी समझदारीमा।
- स्वंसेवक(अ.हे.व./अ.न.मि.) को हकमा प्रचलित नियमानुसार दैनिक ज्यालादारीमा खटाईनेछ।

५. सम्बन्धित क्षेत्रमा कार्यअनुभब प्राप्त व्यक्तिलाई प्राथमिकता दिईनेछ।

६. उमेर: १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको/ महिलाको हकमा ४० वर्ष ननाघेको।

७. अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको।

८. दरखास्त दस्तुर: प्रति फारम रु ५००/-( पाँच सय) मात्र।

९. परीक्षाको किसिम: लिखित तथा अन्तर्वार्ता।

१०. दरखास्तमा संलग्न गर्नुपर्ने: उमेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,परिषद मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (पेश गरिएका सम्पूर्ण प्रतिलिपिमा उमेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ)।

११. दरखास्त पेश गर्ने स्थान: चुलाचुली गाउँकार्यपालिकाको कार्यालय,इलाम ।

१२. चुलाचुली गाउँपालिका भित्रको स्थायी बासिन्दालाई प्राथमिकता दिइनेछ।

**उल्लेखित पदहरुको लिखित तथा अन्तरबार्ता हुने स्थान र मिति दरखास्त पेश गर्ने अन्तिम दिनको भोलिपल्ट प्रकाशित गरिनेछ**

चुलाचुली गाउँपालिका

चुलाचुली-२,इलाम